बलियो डलरबाट कसरी फाइदा लिने ?

नेपाली मुद्रा अमेरिकी डलरसंग ऐतिहासिक रूपमा कमजोर भएको छ । मुख्यतया भारतीय रुपैयां (भारू) डलरसंग कमजोर भएका कारण यहां असर देखिएको हो । अमेरिकी अर्थतन्त्र मजबुत हुनु र भारतमा लगानी गरेका विदेशीहरू रकम त्यतै लान खोज्ने प्रवृत्ति देखिएपछि भारु कमजोर भएको हो । भारतसंगको स्थिर विनिमयदरका कारण नेपाली अर्थतन्त्र धेरै कमजोर नहुंदा पनि असर देखिएको हो । त्यसैले भारतसंगको स्थिर दर परिवर्तन गर्नुपर्ने आवाज पनि उठिरहेको छ । अर्कोतर्फ डलर बलियो हुंदा फाइदा लिन सक्ने अवसर पनि आउने तर्क पनि संगसंगै आइरहेको छ । विशेष गरी निर्यात र पर्यटन क्षेत्रबाट फाइदा लिन सकिने सम्भावना हुन्छ । यसबाहेक विदेशी लगानी आकर्षित गर्न सकिने सम्भावना पनि रहन्छ । तर अन्तर्राष्ट्रिय व्यापारमा १२ प्रतिशत मात्रै निर्यातको हिस्सा रहेको मुलुकका लागि तत्काल फाइदा लिने सम्भावना छ त ? यसर्गी कमजोर मुद्राका कारण अर्थतन्त्रमा पर्ने जोखिम कम गर्ने उपायको खोजी पनि आवश्यक छ । के यसको समाधान स्थिर विनिमयदर परिवर्तन गर्नु हुन सक्ला ? यी र यस्ता प्रश्नको यतिखेर उत्तर खोजी भइरहेको छ । यसै सन्दर्भमा बलियो डलरबाट फाइदा लिन सकिने सम्भावना र जोखिम न्यूनीकरणका उपायमा छलफल गर्न कान्तिपुरले राउन्ड टेबल छलफल आयोजना गऱ्यो । छलफलमा सहभागीले प्रस्तुत गरेका धारणाको मुख्य अंश :

आयात, प्रतिस्थापन र निर्यात संगसंगै



युवराज खतिवडा
गभर्नर, राष्ट्र बैंक

भारतको अर्थतन्त्र १९९० को सुरुको अवस्थामा फर्किन्छ कि भन्ने आशंका पनि उब्जेका छन् । भारतीय अर्थतन्त्रशक्तिको विश्वास हुगमगाउनुको कारण यही पनि हो । यसमा बजारको मनोविज्ञान पनि महत्वपूर्ण छ । एसिया समग्रमै अहिले २०१२ को जस्तो सबल अवस्थामा छैन । धेरै मुलुकका मुद्रा अवमूल्यन भइरहेका छन् । इन्डोनेसिया, मलेसियाको मुद्रा अवमूल्यन भइरहेको छ । थाइल्यान्ड संकटमा जादै छ भन्ने चर्चा छ । यसले चम्किली एसिया फिका हुन थालेको देखिन्छ । दक्षिण अफ्रिका, ब्राजिललगायतका उठाउंदा अर्थतन्त्र पनि अलिकति सुस्त भएको जस्तो देखिन्छ । त्यसका पछाडि युरोप र अमेरिकामा केही सुधार आउन थालेको हो ।

तर यी दुईमा सुधार आउनैबित्तिकै उठाउंदा अर्थतन्त्रमा असर पर्नुपर्ने थिएन । तर बजारले युरोप, अमेरिकातर्फ अवसर छ भन्ने बुझेको छ जुन भारतमा पनि देखिएको हो । यसले पूंजी खाता परिवर्त्य अपनाउंदा ध्यान दिनुपर्ने रहेछ भने सन्देश दिएको छ । पूंजी खाताकै कारण भारतीय सेयर बजारमा विदेशी लगानीकर्ता आए । अहिले फर्कंदै छन् । छोटो समयको लगानीले दीर्घकालीन विकास सम्भव हुंदैन भन्ने कुरा भारतबाट हामीले सिक्नुपर्छ ।

भारतमा चुनाव आउंदै छ अझ विषयलु भन्ने मनोविज्ञान बनेको छ । चालु खाता घाटा ५ प्रतिशतको नजिक पुगेको छ । यो ठूलै जोखिम भने होइन । संकट आएका मुलुकमा ७/८ प्रतिशतसम्म चालु खाता घाटा पुगेको छ । नेपालमा भने हामी अर्थतन्त्रकै कारणले डलरसंग कमजोर हुनुपर्ने अवस्था होइन । ११ महिनाभन्दा बढीको आयात धान्ने विदेशी मुद्रा सञ्चिती छ । हाम्रो व्यापार घाटा उच्च भए पनि चालु खाता बचतमा छ । हाम्रो मूल्यवृद्धि दोहोरो अंकको हाराहारी छ । तर समग्र दक्षिण एसिया पनि ६ देखि ९ को औसतमा छ ।

यति हुंदाहुंदै पनि हाम्रो उत्पादकत्व कम भएका कारणले प्रतिस्पर्धात्मक क्षमता कम भएको भने हो । त्यसले गर्दा कहिलेकाहीं मुद्रामा दबाव हुन्छ । हाम्रो मुद्राको विनिमयदर समायोजन गर्नुपर्ने अवस्थाको एउटै मात्र कारण न्यून प्रतिस्पर्धात्मक क्षमता मात्र हुन सक्छ । अरु केही कारण होइन । अहिले पेग (भारतसंगको स्थिर विनिमयदर) क्षान्त गाह्रो भएको छ भन्ने कुरा पनि आएको छ । यसमा अलिकति स्पष्ट पार्नुपर्छ । भारतको मुद्रा अवमूल्यन हुंदै जाने यति र हाम्रो आवश्यकता फरफरफरक हो । हाम्रो वास्तविक विनिमयदर डलरसंग केही फरक होला तर भारतको जति होइन । त्यसैले भारतकै गतिमा अवमूल्यन हुंदै जानुपर्ने आवश्यकता होइन । जब स्थिर विनिमयदरलाई परिवर्तन गर्न खोजिन्छ त्यसपछि अन्य अस्थिरता आउंछ । त्यसैले अहिले आएको दबाब हामीले लिनुपर्ने आवश्यकता छ । बजारमा आत्मविश्वास राख्न पनि यो जरुरी छ । स्थिर विनिमयदरदरको सधैं केही फाइदा र बेफाइदा हुन्छन् ।

अहिलेसम्म हामी फाइदामै छौं । त्यसैले परिवर्तन नभएको हो । अहिले हामीले जहांजहां सम्भव छ, आयात प्रतिस्थापनमा ध्यान दिनुपर्छ । सरकारले सहुलियत नदिएको, बजारलाई अनावश्यक असर नगर्न र आयात प्रतिस्थापन गर्न सक्ने अवस्था छ भने हामी त्यहां जानुपर्छ । गार्मेन्ट, कर्पेट, पश्मिनासहित कृषिका उत्पादनको बजार छ । ठूलो मात्रामा उत्पादन गर्ने हो भने मझपर्वमा कृषिको बजार अहिले पनि छ । आयात प्रतिस्थापनमा हेर्नुपर्ने कुरा ऊर्जा नै हो । लोडसेडिङ गर्नु नपरेको भए कति इन्भर्टर, डिजेल, कति उपकरणको आयात रोकिन्थ्यो । क्षमताभन्दा कमसा उद्योग चल्दा आयात गर्नुपर्छ । त्यसैले ऊर्जा संकटका वेला पनि पूर्ण क्षमता चलाउनसके आयात प्रतिस्थापन हुन्छ । निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन दुवैमा फहल गर्नुपर्छ ।

निर्यात अनुदानले बीचका एजेन्टलाई मात्र राम्रो हुने भयो । अब उत्पादकलाई नै सहयोग हुनुपर्छ । मलमा अनुदान छ तर हामी ध्यान र मकै उत्पादन गर्न दिइरहेका छौं । त्यही मल अनुदानलाई निर्यातजन्य क्षेत्रमा बढी ध्यान दिन सकिन्छ कि । जस्तो चियाका किसानले अहिले मलमा अनुदान पाएनौं भनेर भनिरहनुभएको छ । त्यसैले निर्यातजन्य वस्तुको तल्ली तहमै अनुदान दियो भने त्यसको लाभ कृषकले पाउंछ । त्यो प्रतिस्पर्धी हुन्छ र स्वतः निर्यात हुन सक्छ ।

दोस्रो कुरा, सार्वजनिक क्षेत्रका बन्द उद्योगलाई निज सम्भौता गरेर पुनः सञ्चालन गर्न सकिन्छ । नेपाल औषधि बन्दसकै छ, जडिबुटी प्रशोधन केन्द्रले क्षमतामा काम गर्न सकेको छैन, जनकपुर चुरोट कारखाना बन्द छ, यस्ता जति पनि सार्वजनिक संस्थान छन् जसले तुरुन्तै निर्यात गर्ने वा आयात विस्थासाहित गर्ने काम गर्न सक्छन् त्यो निजी क्षेत्रलाई लिजमा दिनुपर्छ । कृषिमा पनि सार्वजनिक निजी साझेदारीअनुसार काम गर्न सकिन्छ । हामीले आफ्नो क्षमतालाई साझेदारी गर्ने र सहभागिताको माडुलमा जाने हो भने उत्पादकत्व बढाउंछ र निर्यात ग्रोस्थाडनमैं आयात प्रतिस्थापनमा सहयोग पुग्छ । तेस्रो कुराचाहिं तुलनात्मक लाभ भएका वस्तुको सूचीमा पनि पुनरावलोकन गर्नुपर्छ । एक दुई वर्षमै व्यापारको प्रतिस्पर्धात्मक क्षमतामा फरक पर्छ । विशेष आर्थिक क्षेत्रको कुरा पनि अध्यादेशबाटै ल्याउन सकिन्छ ।

■■■

प्रतीतपत्र खोल्ने घटे

अशोक शमशेर राणा
एकाध्यक्ष, बैंकर्स संघ

डलर महीगिएकाले प्रतीतपत्र (एलसी) कारोबार घटेको छ । साउन महिना धेरै कारोबार हुने भए पनि ३ वर्षको तथ्यांक हेर्दा पहिलोपटक ११ प्रतिशतले घटेको छ । यसले अन्योल छ । आयातकर्तासंग बुझ्दा कच्चा पदार्थको मूल्य पनि बढेको छ । यसले स्वदेशी उत्पादनको मूल्य पनि बढाउंछ ।

अहिले हेर्दा अमेरिकामा थालिएको सुधारका कारण ब्याजदर बढ्ला भनेर डलर उति फर्किन थालेको छ । भारतबाट पनि डलर गएर समस्या भएको हो । भारतमा तीनवटा ५ को चर्चा हुन्छ । कुल गार्हस्थ उत्पादन वृद्धि ५ प्रतिशत, चालु खाता घाटा र व्यापार घाटा पनि कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत छ । हामी भारतसंग जोडिएकाले छोटो समयका लागि यो समस्याको असर पर्छ । दीर्घकालीन रूपमा हेर्दा डलर यही रूपले मे महिनासम्म बढ्ने देखियो भने हाम्रो मूल्यवृद्धिमा केही समायोजन हुनुपर्छ ।

भारतीय रुपैयां ७० सम्म पनि जान सक्छ जसले मूल्यवृद्धिमा असर गर्छ । भारतीय र नेपाली अर्थतन्त्रमा सुधार आवश्यक छ ।

■■■

स्थिर विनिमयदर ठीक

दीपेन्द्रबहादुर क्षत्री
पूर्वगभर्नर

यति हुंदाहुंदै पनि हाम्रो उत्पादकत्व कम भएका कारणले प्रतिस्पर्धात्मक क्षमता कम भएको भने हो । त्यसले गर्दा कहिलेकाहीं मुद्रामा दबाव हुन्छ । हाम्रो मुद्राको विनिमयदर समायोजन गर्नुपर्ने अवस्थाको एउटै मात्र कारण न्यून प्रतिस्पर्धात्मक क्षमता मात्र हुन सक्छ । अरु केही कारण होइन । अहिले पेग (भारतसंगको स्थिर विनिमयदर) क्षान्त गाह्रो भएको छ भन्ने कुरा पनि आएको छ । यसमा अलिकति स्पष्ट पार्नुपर्छ । भारतको मुद्रा अवमूल्यन हुंदै जाने यति र हाम्रो आवश्यकता फरफरफरक हो । हाम्रो वास्तविक विनिमयदर डलरसंग केही फरक होला तर भारतको जति होइन । त्यसैले भारतकै गतिमा अवमूल्यन हुंदै जानुपर्ने आवश्यकता होइन । जब स्थिर विनिमयदरलाई परिवर्तन गर्न खोजिन्छ त्यसपछि अन्य अस्थिरता आउंछ । त्यसैले अहिले आएको दबाब हामीले लिनुपर्ने आवश्यकता छ । बजारमा आत्मविश्वास राख्न पनि यो जरुरी छ । स्थिर विनिमयरदरको सधैं केही फाइदा र बेफाइदा हुन्छन् ।

अहिलेसम्म हामी फाइदामै छौं । त्यसैले परिवर्तन नभएको हो । अहिले हामीले जहांजहां सम्भव छ, आयात प्रतिस्थापनमा ध्यान दिनुपर्छ । सरकारले सहुलियत नदिएको, बजारलाई अनावश्यक असर नगर्न र आयात प्रतिस्थापन गर्न सक्ने अवस्था छ भने हामी त्यहां जानुपर्छ । गार्मेन्ट, कर्पेट, पश्मिनासहित कृषिका उत्पादनको बजार छ । ठूलो मात्रामा उत्पादन गर्ने हो भने मझपर्वमा कृषिको बजार अहिले पनि छ । आयात प्रतिस्थापनमा हेर्नुपर्ने कुरा ऊर्जा नै हो । लोडसेडिङ गर्नु नपरेको भए कति इन्भर्टर, डिजेल, कति उपकरणको आयात रोकिन्थ्यो । क्षमताभन्दा कमसा उद्योग चल्दा आयात गर्नुपर्छ । त्यसैले ऊर्जा संकटका वेला पनि पूर्ण क्षमता चलाउनसके आयात प्रतिस्थापन हुन्छ । निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन दुवैमा फहल गर्नुपर्छ ।

निर्यात अनुदानले बीचका एजेन्टलाई मात्र राम्रो हुने भयो । अब उत्पादकलाई नै सहयोग हुनुपर्छ । मलमा अनुदान छ तर हामी ध्यान र मकै उत्पादन गर्न दिइरहेका छौं । त्यही मल अनुदानलाई निर्यातजन्य क्षेत्रमा बढी ध्यान दिन सकिन्छ कि । जस्तो चियाका किसानले अहिले मलमा अनुदान पाएनौं भनेर भनिरहनुभएको छ । त्यसैले निर्यातजन्य वस्तुको तल्ली तहमै अनुदान दियो भने त्यसको लाभ कृषकले पाउंछ । त्यो प्रतिस्पर्धी हुन्छ र स्वतः निर्यात हुन सक्छ ।

दोस्रो कुरा, सार्वजनिक क्षेत्रका बन्द उद्योगलाई निज सम्भौता गरेर पुनः सञ्चालन गर्न सकिन्छ । नेपाल औषधि बन्दसकै छ, जडिबुटी प्रशोधन केन्द्रले क्षमतामा काम गर्न सकेको छैन, जनकपुर चुरोट कारखाना बन्द छ, यस्ता जति पनि सार्वजनिक संस्थान छन् जसले तुरुन्तै निर्यात गर्ने वा आयात विस्थासाहित गर्ने काम गर्न सक्छन् त्यो निजी क्षेत्रलाई लिजमा दिनुपर्छ । कृषिमा पनि सार्वजनिक निजी साझेदारीअनुसार काम गर्न सकिन्छ । हामीले आफ्नो क्षमतालाई साझेदारी गर्ने र सहभागिताको माडुलमा जाने हो भने उत्पादकत्व बढाउंछ र निर्यात ग्रोस्थाडनमैं आयात प्रतिस्थापनमा सहयोग पुग्छ । तेस्रो कुराचाहिं तुलनात्मक लाभ भएका वस्तुको सूचीमा पनि पुनरावलोकन गर्नुपर्छ । एक दुई वर्षमै व्यापारको प्रतिस्पर्धात्मक क्षमतामा फरक पर्छ । विशेष आर्थिक क्षेत्रको कुरा पनि अध्यादेशबाटै ल्याउन सकिन्छ ।

■■■

फाइदा लिने नीति आवश्यक



विश्वम्भर प्याकुर्याल
अर्थविद्

नेपाली अर्थतन्त्र भारत निर्भर भएपछि त्यहां परेको असर हामीलाई पनि पर्छ । भारतमा चालु घाटा बढेको छ । भारतमा करिब १ अर्ब १० करोड डलर गैरआवासीय भारतीय (एनआरआइ) ले लिएर गए । विदेशी लगानीकर्ताले ११ अर्ब ६० करोड डलर किके । तर पनि ८० करोड जनतालाई खाद्य सुरक्षाको कार्यक्रम लागू हुंदै छ जसमा प्रत्येक परिवारलाई महिनाको ५ किलो खाद्यान्न राहत दिएर २० अर्ब डलर खर्च हुंदै छ । सुनको मौज्दातमा पनि भारत अघि छ ।

भारतको केन्द्रीय बैंकका गभर्नर, अर्थमन्त्री र वाणिज्य मन्त्रालयबाट डलरसंग सम्बन्धित तीन चार फ्राकरा तर्क आएका छन् । गभर्नरले २००९ देखि २०१२ सम्म भारतीय सरकारले लिएको नरम विशीय नीतिका कारण केन्द्रीय बैंकको मौद्रिक नीतिको स्वतन्त्रतामा प्रहार भयो भनेका छन् ।

अर्थमन्त्री खाद्य सुरक्षा कार्यक्रम लागू गर्दा चालु खाता घाटा ७० अर्ब डलरसम्म भए पनि डराउनु पर्दैन भन्दै आवश्यक नहुने विलासिताका वस्तुमा रोक लगाउने हो कि । यस्ता कामले पनि सहयोग गर्ने । आवश्यकतानुसार सुन, चांदी बिक्री पनि गर्न सकिन्छ । पूर्वाधारमा लगानी हुनुपर्छ र रोजगारी बढ्छ । जसलाई पुंजीगत खर्च भनुपर्छ ।

सार्वजनिक खरिद ऐनमा सुधार हुनुपर्छ । बजेट दिलो गएर मात्र होइन, सममैं गएर पनि खर्च गर्न डराउने अवस्था छ । सबै रकम सममैं खर्च गर्दा अक्षियारले समातला भन्ने पनि भेटिन्छन् । त्यसैले ऐन/नियम/कानुनमा सुधार हुन आवश्यक छ ।

■■■

सरकार प्रस्ट हुनुपर्‍यो

सूरज वैद्य
अध्यक्ष, उद्योग वाणिज्य महासंघ

डलरका कारण निजी क्षेत्रलाई दुई प्रकारको असर परेको छ । राष्ट्र बैंकले तथ्यांकअनुसार नेपालका उद्योग ४० प्रतिशत क्षमतामा मात्रै सञ्चालित छन् । नेपालको निर्यात पनि वृद्धि नभएको र आयात बढ्दै गएको उद्योगलाई निकै समस्या परेको छ । कमैले मानुन् या नमानुन् नेपालको अर्थतन्त्र रेमिट्यान्सले नै धानिरहेको छ । त्यसका साथै अर्थतन्त्रलाई सहयोग गर्ने पर्यटन पनि एउटा सम्भावित क्षेत्र हो तर त्यसको पनि पर्याप्त विकास युवाहरू काम गरिरहेको मुलुकमा पनि भयो भने के हुन्छ । उनीहरू नेपालमै फर्कनुपर्ने अवस्था आयो भने के हुन्छ । सोमध्या बढी महत्वपूर्ण समस्या त्यो हो भन्ने मलाई लाग्छ ।

यसका लागि हामीले दीर्घकालीन, अल्पकालीन रणनीति के भन्ने विषयमा स्पष्ट हुन जरुरी छ । हाम्रो अर्थतन्त्रको रणनीति के ?, कुन क्षेत्रमा लगानी भिऱ्याउने ?, कस्ताखालको क्षेत्रमा स्वदेशी र विदेशी लगानी ल्याउने ? लगायत विषयमा नीतिगत सुधार गर्नुपर्‍यो । यस्तो रणनीतिले हाम्रो अर्थतन्त्रमा सुधार आउंछ । त्यसपछि मात्रै अन्तर्राष्ट्रिय अर्थतन्त्रसंगको कुरा गरौंला । अहिलेको अवस्थामा हाम्रो मुलुकमा राजनीतिक स्थायित्व नभएको सस्तो ब्याज छ । उद्योग वाणिज्य महासंघको दृष्टिकोणमा भन्नुपर्दा मेरो एक कार्यकालमा तीनवटा सरकारसंग काम गर्नुपरेको छ । यसको असर सोझै अर्थतन्त्रमा पनि परेको छ । हिजोको जस्तो खुला अर्थतन्त्रमा जहां पनि लगानी गर्नुपर्छ भन्दा पनि कुन क्षेत्रमा लगानी गर्ने हो, पहिचान हुन जरुरी छ । अर्को महत्वपूर्ण कुरा अर्थ मन्त्रालयलाई बढी जिम्मेवार बनाउनुपर्‍यो ।

अरू मन्त्रालयमा जतिसुकै राम्रो नीति लिए पनि अर्थको राम्रो छैन भने त्यसको कुनै अर्थ हुंदैन । त्यसैले अहिले निजी क्षेत्रले अहिले अनुदान मागिरहेको छैन । हामीलाई विकास चाहिएको हो । त्यो अर्थमन्त्रालयबाट मात्रै सम्भव छ । हामीले सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा नेपालगन्ज वा धनगढीमा एउटा क्षेत्रीय अन्तर्राष्ट्रिय एयरपोर्ट माग गरिरहेका छौं । त्यो हुने हो भने पर्यटन क्षेत्रलाई निकै सहयोग पुग्छ । आज कोटी पनि सुदूर र मध्यपश्चिम जादैंगन् किनकि टाढा छ भन्ने मान्यता छ । त्यसैले हामीले लगानीमैत्री वातावरणका लागि विकास मार्ग गरेका हौं सरकारसंग । अर्कोतर्फ हामी दाताबाट गानी पनि गछौं, फेरि उसैको आम गरेर एउटा विद्यालय, अस्पताल, बनाउनुपर्‍यो भने उसैकोमा जान्छौं । त्यस्तोखालको विकासमा भर परेपछि मुलुकको अर्थतन्त्रमा कसरी सुधार आउंछ ? यस्तै समस्या सामधानका लागि हामीले लगानी बोर्ड पनि भनेका थियौं । लगानी बर्ष पनि घोषणा भयो । सकारात्मक रूपले लिएका छौं । तर दुःखका साथ भन्नुपर्छ लगानी बोर्डले जति प्राथमिकता पाउनुपर्ने थियो, त्यति पाएको छैन ।

कर्मचारीहरू जति चाहिने हो त्यति छैनन् । एउटा भवनका लागि कति संघर्ष गर्नुपर्‍यो । त्यसका लागि शत्रु निकाय नै मुहार बाध्न भयौं । बजेट पनि छैन । त्यसैले लगानी बर्ष घोषणा गरेर मात्रै हुनेवाला केही छैन । कति पैसा दिंदो सरकारले ?, कति गृहकार्य गऱ्यो ? लगायत विषयमा केही रणनीति छैन ।

उद्योग विभागको तथ्यांकअनुसार लगानीका लागि ६० प्रतिशतले उद्योग दर्ता बढेको छ । यसले लगानी गर्न चाहने मान्छेहरू धेरै छन् भन्ने देखाउंछ । तर त्यो गर्न चाहने मान्छेहरू अहिले पर्ख र हेरको स्थितिमा छन् । किनभने नीतिमा कहिले सुधार आउंछ भन्ने उनीहरूको पर्खाइ हो । भोलिको दिनमा निर्वाचन भएर स्थायी सरकार आएन, राजनीतिक एजेन्डापछि मात्रै आर्थिक एजेन्डा भन्ने सरकार आयो भने त लगानी बढ्दैन । राजनीति पछि मात्रै आर्थिक भन्ने कुरा बिर्सनुपर्‍यो । यो गलत कुरा हो । आर्थिक पनि संगसंगै लैजानुपर्‍यो भन्ने कुरा हो अनि राजनीति पनि विकास हुन्छ । अर्को कुरा हाम्रो मुलुक पर्यटनका लागि असाध्यै महत्वपूर्ण मुलुक हो । यो विषयमा प्रचारप्रसार गर्ने र विकास गर्ने सुनौलो अवसर अहिले हो । नेपालमा सस्तो छ भनेर प्रचार गरी पर्यटक भिऱ्याउने सम्भावना राम्रो छ । भारतीय पर्यटकका लागि अन्य देश डलरका कारण महंगो हुने भएकाले नेपाल आउन सक्छन् । पर्यटन बोर्डले प्रवर्द्धन गर्न सक्नुपर्छ ।

■■■

व्यापार प्रवर्द्धनको मौका



रत्नाकर अधिकारी
प्रमुख कार्यकारी,
इम्प्ल्टीओ/ईआईएक

अहिले निर्यात व्यापार प्रवर्द्धन गर्न अत्यन्तै राम्रो मौका हो । महत्वपूर्ण पाटो भनेको वस्तु व्यापार नै हो । डलर बलियो भएर वस्तु व्यापारमा हाम्रो प्रतिस्पर्धात्मक क्षमता निकै बढेको छ । प्रवर्द्धनका लागि निर्यातमा दिइंदै आएको नगद अनुदान बढाएर सरलीकृत गर्नुपर्छ । एकीकृत व्यापार रणनीति (एनटीआईएस) मा गार्मेन्ट लगायतका वस्तु थप्ने विषय पनि आएको छ । यसैगरी कार्पेट, हस्तकला पनि सम्भावना भएका क्षेत्र हुन् । आयात प्रतिस्थापन गर्नै हुंदैन भन्नेहरू पनि आयात प्रतिस्थापन नै भन्न थालेका छन् । यो विषयमा हामी अगाडि बढ्नपर्छ ।

हामीले सन् २००६ मा कोटा खारेज भएपछि अध्ययन गरेका थियौं । कोटा खारेज हुंदै भएपछि २००२/२००३ देखि अन्य देशले योजना बनाउन थाले । हामीले योजना बनाउन सकेनौं । हाम्रो मुलुकमा अलि समस्या नै परेपछि मात्रै छलफल गर्ने चलन छ । विशेष गरी बंगलादेश, कम्बोडियाजस्ता देशले पुराना मेसिन फेर्न प्रविधि कोषको स्थापना गरे । औद्योगिक तालिम केन्द्र बनाएर क्षमता विकासमा गरेको प्रयास अनुकरणीय छ । *- अधिकारी*

- अर्थतन्त्रको विषयमा राजनीतिक नेतृत्वसंग स्पष्टता छैन, सरकार परिवर्तन हुंदा पनि दीर्घकालीन रणनीति के हो भन्ने कुरा पनि छैन । यो नै संवेदनशील समस्या हो जस्तो लाग्छ । अब निर्यातलाई बढाउने हो भने कसरी बढाउने ?, पांच वा दस वर्षमा कति पुऱ्याउने ? र त्यसका लागि रणनीति के भन्ने विषय महत्वपूर्ण हो । *- वैद्य*
- आवश्यक परे तुलनात्मक लाभका वस्तुको सूचीमा परिवर्तन गरेर भए पनि सकेसम्म निर्यात बढाउने र कृषिजन्य लगायतका वस्तुको प्रवर्द्धन गरी आयात प्रतिस्थापन गरिनुपर्छ । *- गभर्नर खतिवडा*
- कहिलेकाहीं पेग हटाउनुपर्छ भनेर बहस गरिन्छ । खुला छाडदा पनि हुने हो । तर ६६ प्रतिशत व्यापार हामीले जुन मुलुकसंग गर्छौं खुला गरेर जोखिम लिन सक्छौं त ? *- ईवी*
- हामी कहां केन्द्रीय बैंक र अर्थ मन्त्रालय एकै ठाउंमा आउंछन् । हाम्रो निजी र सरकारी क्षेत्रका मुख्य व्यक्ति एकै ठाउंमा आउन सक्छन् । त्यही भएर अहिले महंगिएको डलरबाट फाइदा लिने नीति आयो भने लाभ हुने सम्भावना अत्यन्त धेरै छ । *- प्याकुर्याल*
- हाम्रो मुलुकमा अलि समस्या नै परेपछि मात्रै छलफल गर्ने चलन छ । तर सन् २००६ मा निर्यात बढाउन बंगलादेश, कम्बोडियाजस्ता देशले पुराना मेसिन फेर्न प्रविधि कोषको स्थापना गर्नुका साथै औद्योगिक तालिम केन्द्र बनाएर क्षमता विकासमा गरेको प्रयास अनुकरणीय छ । *- अधिकारी*
- हामी भारतसंग जोडिएकाले छोटो समयका लागि यो समस्याको असर पर्छ । दीर्घकालीन रूपमा हेर्दा डलर यही रूपले नै महिनासम्म बढ्ने देखियो भने हाम्रो मूल्यवृद्धिमा केही समायोजन हुनुपर्छ । *- राणा*

अहिले मुलुकमा डलर बढेर दुई प्रकारका समस्या देखिएका छन् । एउटा मौद्रिक बजारसंग सम्बन्धित छ । अर्को गैरआर्थिक कारण पनि यसमा पर्छ । बजार क्षेत्रको कुरामा लगानीको कुरा हेर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय बजारको कुरा गर्नुपर्दा सुन र डलरदीपको कुरा हुन्थ्यो पहिला पहिला । यस्तो अवस्थामा मानिसहरूले सुएस डलर नै खरिद गरेर राख्ने कि सुनमा जाने भन्ने हुन्थ्यो । पेट्रोलियम उत्पादनमा जाने कि कमोडिटी मार्केटमा जाने । यसमध्ये कुन बिकल्पमा जाने, अन्योल छ । अमेरिका हरेक हिसाबले लगानीका लागि सुरक्षित छ भनेपछि स्रोतसाधन त्यतातिर पनि तानिन सक्ने अवस्था बढ्दै गएकाले पनि यो समस्या आएको छ । यो समस्या हामीसंग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि समस्या हामीले बेहोर्नुपरेको छ ।

यो भारतीय रुपैयां (भारू) मा परेको चाप जे हो हामीले भोगिरहेको समस्या पनि त्यही हो । भारतसंगको स्थिर विनिमयदरका कारण यहां पनि प्रभाव देखिएको हो । अन्तर्राष्ट्रिय मुद्राकोप (आइएमएफ) ले पनि पेग चलाउनु हुंदैन भनेका छन् । तर कहिलेकाहीं पेग हटाउनुपर्छ भनेर चाहस गरिन्छ । खुला छाडदा पनि हुने हो ।

तर ६६ प्रतिशत व्यापार हामीले जुन मुलुकसंग गर्छौं, खुला गरेर जोखिम लिन सक्छौं त ? अहिले डलरले ल्याएको समस्या जे हो, त्योभन्दा बढी समस्या हुन्छ । त्यतिबेला आउने समस्याको समायोजन गर्न धेरै विषयमा सम्झौता गर्नुपर्ने हुन्छ ।

■■■

कान्तिपुर राउन्डटेबल

छन् । केन्द्रीय बैंकले कडा नीति लिएर आर्थिक वृद्धिदर मात्र हेरेको भएर अहिलेको अवस्था आएको भन्ने भनाइ पनि छ । बाणिज्य मन्त्रालय अदालती निर्णयलाई दोष दिएको देखिन्छ । रकम बुझाउनुपर्ने कतिपयले मुद्रा जितेकाले अर्बौं रुपैयां रोकियो र घाटा भयो भन्ने तर्क छ । हामीकहां वर केन्द्रीय बैंक र अर्थमन्त्रालय एकै ठाउंमा आउंछन् । हाम्रो निजी र सरकारी क्षेत्रका मुख्य व्यक्ति एकै ठाउंमा आउन सक्छन् । त्यही भएर अहिले महंगिएको डलरबाट फाइदा लिने नीति आयो भने लागू हुने सम्भावना अत्यन्त धेरै छ ।

पहिलो कुरा भारतसंगको स्थिर विनिमयदर केही समय यस्तै राख्नुपर्छ । सुधार आवश्यक छ भने विस्तारै कदम चाल्दै जानुपर्छ । आयात प्रतिस्थापनतर्फ जानु अहिलेको आवश्यकता हो । अहिलेको नीति राम्रो भएन । सरकारले रकम छुट्याउंछ, बैंकले ऋण दिन्छ तर ६ महिनामित्रै चुक्ता गर्नुपर्छ । त्यस्तै बोलपत्र आह्वान गर्दा सबैभन्दा सस्तोलाई दिनुपर्छ । त्यसको गुणस्तर, नाम केही नहेरे पनि हुन्छ । ऐन बीच नै पनि तालमेल छैन । नीतिमा भएका संरचनागत समस्या सुधार गर्नुपर्‍यो । हुन सकेको छैन । यसकारणले पनि हामीले डलरलाई दोष दिइरहेका हौं । यस सन्दर्भमा भारतको अर्थतन्त्रलाई पनि हेर्न आवश्यक छ ।

रिजर्भ बैंकका कारणले हिजो केही स्थिर रहेको थियो तर पनि भारतको अर्थतन्त्र र डलरका विषयमा त्यहांका अधिकारीहरू विभाजित छन् । उनीहरूको मत फरकफरक छ । त्यसैले डलरको समस्या भारतसंगै नेपालमा पनि हो । नेपालमा पनि अब यही हुन्छ भन्ने कुरामा स्पष्टता छैन । तर हामीसंग नीतिगत समस्या पनि छन् । हामी कहां जादै छौं भन्ने कुरा स्पष्ट छैन । यो विषयमा केन्द्रित हुन जरुरी छ ।

सामान्य उदाहरण अर्थतन्त्रका विषयमा राजनीतिक नेतृत्वसंग स्पष्टता छैन, सरकार परिवर्तन हुंदा पनि दीर्घकालीन रणनीति के हो भन्ने कुरा पनि छैन, यो नै किटिकल समस्या हो जस्तो लाग्छ । अब निर्यातलाई बढाउने हो भने कसरी बढाउने ?, पांच वा दस वर्षमा कति पुऱ्याउने ? र त्यसका लागि रणनीति के भन्ने विषय महत्वपूर्ण हो ।

केही समयअघि ऊर्जा सम्मेलन पनि भएको थियो । हामीले यस्ता विषयमा सम्मेलन त धेरै नै गऱ्यौं तर जहिलै पनि नीतिगत रूपमै प्रश्न उठ्ने गरेको छ । नीतिगत रूपमा सम्योजन गर्न सकेका छौं कि छैनौं भन्ने कुरामा समीक्षा गर्न जरुरी छ । यसमा अर्को पनि स्पष्टता नहुने हो भने अर्थतन्त्रले हाम्रो मुलुकलाई अर्को प्रहार गरिरहनेछ । डलरसंगै अर्को पनि जोखिम छ । अहिले सिरिया, इजिप्टलगायत देशमा भइरहेको घटना हाम्रा लागि पनि जोखिम हो । यसको असर हामीले डलरसंगै दोष दिइरहेका हौं । यस सन्दर्भमा भारतको अर्थतन्त्रलाई पनि हेर्न आवश्यक छ ।

यसकारणले पनि हामीले डलरसंगै दोष दिइरहेका हौं । यस सन्दर्भमा भारतको अर्थतन्त्रलाई पनि हेर्न आवश्यक छ ।

रिजर्भ बैंकका कारणले हिजो केही स्थिर रहेको थियो तर पनि भारतको अर्थतन्त्र र डलरका विषयमा त्यहांका अधिकारीहरू विभाजित छन् । उनीहरूको मत फरकफरक छ । त्यसैले डलरको समस्या भारतसंगै नेपालमा पनि हो । नेपालमा पनि अब यही हुन्छ भन्ने कुरामा स्पष्टता छैन । तर हामीसंग नीतिगत समस्या पनि छन् । हामी कहां जादै छौं भन्ने कुरा स्पष्ट छैन । यो विषयमा केन्द्रित हुन जरुरी छ ।

सामान्य उदाहरण अर्थतन्त्रका विषयमा राजनीतिक नेतृत्वसंग स्पष्टता छैन, सरकार परिवर्तन हुंदा पनि दीर्घकालीन रणनीति के हो भन्ने कुरा पनि छैन, यो नै किटिकल समस्या हो जस्तो लाग्छ । अब निर्यातलाई बढाउने हो भने कसरी बढाउने ?, पांच वा दस वर्षमा कति पुऱ्याउने ? र त्यसका लागि रणनीति के भन्ने विषय महत्वपूर्ण हो ।

केही समयअघि ऊर्जा सम्मेलन पनि भएको थियो । हामीले यस्ता विषयमा सम्मेलन त धेरै नै गऱ्यौं तर जहिलै पनि नीतिगत रूपमै प्रश्न उठ्ने गरेको छ । नीतिगत रूपमा सम्योजन गर्न सकेका छौं कि छैनौं भन्ने कुरामा समीक्षा गर्न जरुरी छ । यसमा अर्को पनि स्पष्टता नहुने हो भने अर्थतन्त्रले हाम्रो मुलुकलाई अर्को प्रहार ग